# ४६औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस २१ मार्च २०११

**International day for Elimination of all Forms of Racial Discrimination**

२१ मार्च २०११ (७ चैत्र २०६७)

# कार्यक्रम प्रतिवेदन

## १. पृष्ठभूमी

दक्षिण अफ्रिकाको सार्पभिल शहरमा सन् १९६० मार्च २१ मा त्यहाँका जनताले रंगभेद विरुद्ध प्रदर्शन गर्दा प्रहरीको दमनबाट ६९ जना मानिसको मृत्यू भएको थियो । सन् १९६५ मा संयुक्त राष्ट्रसंघले सबै प्रकारको जातीय विभेद उन्मूलन महासन्धी पारित गर्‍यो र सन् १९६६ मा संयुक्त राष्ट्रसंघको महासभाले दक्षिण अफ्रिकाको सार्वभिल शहरमा भएको दुःखद घटनाको स्मरणार्थ हरेक वर्ष २१ मार्चलाई “अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस” मनाउने घोषणा गर्‍यो । सोही वर्षदेखि नै “अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस” विश्वभर मनाइदै आइरहेको छ । नेपालले सन् १९७१ मा संयुक्त राष्ट्रसंघिय महासन्धिलाई अनुमोदन गरेको थियो ।

नेपालमा पनि विभिन्न कार्यक्रमहरुको आयोजना गरी यो दिवस मनाइदै आइरहेको छ । तर यो कार्यक्रमलाई विभेद उन्मुलनमा कार्यरत सवै संघ संस्था वा विभेदमा पारिएका समुदायले संयुक्त रुपमा मनाएको भने पाइदैन्थ्यो । विभेदमा पारिएका समुदायहरु एकजुट भइ अगाडि बढ्नाले उनीहरुको




आन्दोलन झन सशक्त र प्रभावकारी हुने भएको हुदा यही आवश्यकतालाई महशुस गरि गत वर्ष देखि नै सवै विभेदमा पारिएका समुदायहरुलाई एकैठाउँमा भेला गराई संयुक्त रुपमा यो दिवस मनाउदै राज्यलाई समाजमा विद्यमान सवै प्रकारका विभेद अन्त्य गर्न दवाव दिनका लागि जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च (एनकार्ड) ले कार्यक्रमको संयोजन गरेको थियो । जसमा मानवअधिकार र समाजिक सेवामा कार्यरत आदिवासी/जनजाति, दलित, मुस्लिम, मधेशी, महिला, तेस्रो लिंगी

लगायतका समुदायहरुका ७४ संघ संस्थाहरु आयोजक संस्थाका रुपमा रहनुका साथै सम्वन्धित सरोकारवाला निकायहरुको पनि आवद्धता थियो । गत वर्ष झै यस वर्ष पनि एनकार्डको पहमा “४६औं जातीय भेदभाव उन्मूलन दिवस” सबै विभेदमा पारिएका आदिवासी/जनजाती, दलित, मुस्लिम, मधेशी, महिला, अपांगता भएका, तेस्रो लिंगी, उत्पीडित, अल्पसंख्यक, सीमान्तकृत समुदायहरुले संयुक्त रुपमा मनाएका थिए । यस वर्ष ८६ भन्दा वढी संघ संस्थाहरु मूल आयोजक संस्थाको रुपमा आवद्ध थिए ।

## २. कार्यक्रमको उद्धेश्य

विषेशतः अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसलाई सवै विभेदमा पारिएका जनताको मुक्ति दिवसको रुपमा स्मरणार्थ “आजदेखि मैले कसैमाथि पनि कुनै प्रकारको भेदभाव गर्ने छैन” भनि प्रतिवद्धता सहित यो दिवस मनाउनु यसको समान्य उद्धेश्य भएता पनि यसका विशिष्ट उद्धेश्यहरु देहाय बमोजिम रहेको थियो ।

- सवै प्रकारका जातीय भेदभाव उन्मूलन गर्न तथा विभेदमा पारिएका जनताहरुको हक अधिकार सुनिश्चितताका लागि राज्यलाई दवाव स्वरुप समावेशी र विभेदरहित संविधान समयमा मनाउन माग गर्नु ।
- सवै विभेदमा पारिएका समुदायहरु दलित, अदिवासी जनजाती, मुस्लिम, महिला, अपाङता भएका व्यक्तिहरु, तेस्रो लिंङ्गि, अल्पसंख्यक, सिमान्तकृत वर्ग लगायत सम्पूर्ण विभेदमा पारिएका जाती, वर्ग र समुदायहरुको एकताको सन्देश दिनु तथा संयुक्त रुपमा शक्ति प्रर्दशन गर्नु ।

## ३. कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

४६औ अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवस निम्न गतिविधीहरु संचालन गर्दै सम्पन्न गरियो जसको संयोजन एन्कार्डले गरेको थियो ।

### ३.१ कार्यक्रमको तयारी

एनकार्डको पहलमा २०६७ फागुन २३ गते सरोकारवाला संस्थाहरुलाई आमन्त्रण गरि एउटा तयारी वैठको आयोजना गरियो यस वैठकबाट डा. सुमित्रा मानन्धर गुरुङ्गको संयोजकत्वमा मूल आयोजक समिति गठन गरियो । तत्पश्चात दोस्रो बैठक २५ फागुन २०६७ मा वस्यो जसले विभिन्न उपसमितिहरु बनाउने निर्णय गर्‍यो जसमा जनपरिचालन, आर्थिक परिचालन, मिडिया परिचालन, ब्यानर व्यावस्थापन, समारोह व्यावस्थापन र नारा (slogan) व्यावस्थापन उप समितिहरु रहेका थिए । आ-आफ्नो उप समितिले गरेका कार्यहरुको बारेमा जानकारी गराउदै थप कार्य गर्नका लागि विभिन्न उप समितिका संयोजकहरुको वैठक ३० फागुन २०६७ मा वस्यो । सम्पूर्ण सरोकारवाला संस्थाहरुलाई

पुनः आमन्त्रण गरि चैत्र ३ गते मूल आयोजक समितिको बैठक वस्यो जसले २१ मार्च दिन हुने कार्यक्रको विधि, प्रकृया, अतिथिहरु लागायतका वारेमा छलफल गरि निर्णय गरेको थियो ।

## ३.२ **मानव साङ्लो र ब्यानर प्रर्दशन**

राष्ट्रिय सभागृह सडकपेटी परिसरमा विहान ८:३० बजेदेखि विभिन्न भाषामा लेखिएका व्यानर र नारा सहित मानव साङ्लो प्रदर्शन गरिएको थियो । उक्त मानव साङ्लो प्रदर्शन गर्नेक्रममा १८ वटा भन्दा वढी संस्थाहरुले भिन्ना भिन्नै  भाषमा नारा लेखिएको व्यानर प्रर्दशन गरेका थिए ।



## **३.३ साँस्कृतिक कार्यक्रम**

मानव साङ्लो प्रदर्शन गरे पश्चात सम्पूर्ण सहभागीहरु सभाहलमा प्रवेश गरेका थिए ।  सभाहलमा कृतिका समूहले सास्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । उक्त सास्कृतिक कार्यक्रममा दूई वटा छुट्टा छुट्टै  विभेद विरुद्धको गीतमा नृत्य प्रस्तुत गरेको थिए ।

## **३.४ भेदभाव विरुद्ध ऐक्यवद्धता कार्यक्रम**

कृतिका समुहको साँस्कृतिक कार्यक्रम पश्चात कार्यक्रम औपचारिक रुपमा शुरु भएको थियो । जस अनुसार कार्यक्रमको अध्यक्षता मूल आयोजक समितिकी संयोजक डा. सुमित्रा मानन्धर गुरुङले गर्नु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्याय  प्रमूख अतिथितिको रुपमा रहनु भएको थियो भने अन्य अतिथिहरुमा राष्ट्रिय दलित अयोगका अध्यक्ष माननीय बिजुल कुमार विश्वकर्मा,आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव लोक बहादुर थापा, राष्ट्रिय महिला आयोगकी सदस्य मा. मोहना अन्सारी, वरिष्ठ मानव अधिकारकर्मी तथा भूतपूर्व सभामूख दमननाथ ढुंगाना, पद्म रत्न तुलाधार, दलित सेवा समाजका अध्यक्ष गंगा महरा, निलहिरा समाजका उपाध्यक्ष मनिषा ढकाल, नेपाल मुस्लिम महिला कल्याण समाजकी अध्यक्ष सीमा खान रहनु भएको थियो ।

अतिथिहरुको आशन ग्रहण पछि राष्ट्रिय गीत बजाइएको थियो भने दलित साहित्य तथा संस्कृतिक प्रतिष्ठानका  कलाकारहरु; सानु पहाडी, दिपेन्द्र रसाइली, डेविट शंकर र रजनी रसाइलीले विभेद विरुद्धको गीत गाएर सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । त्यस पछि कार्यक्रमकी अध्यक्ष डा.

सुमित्रा मानन्धर गुरुङले कार्यक्रमको औचित्य माथि प्रकाश पादै हामी सवैले थाहा पाएर वा नपाएर कुनै न कुनै रुपमा विभेद गरि रहेका छौ तसर्थ हामी सवैले मिलेर यसको अन्त्य गर्न जरुरी रहेको वताउनु भयो । साथै उहाले विभेद अन्त्यका लागि हामी सवैले विभेद नगर्ने प्रतिवद्ध हुन पर्ने वताउनु भयो । जसको लागि विभिन्न रंगको पन्जा छाप लगाई प्रतिवद्धता जाहेर गर्न पनि अनुरोध गनु भयो । सवैले पन्जाछाप लगाइ सकेपछि उक्त छापलाई क्यानभासमा मिलाएर राखि  पछि संविधान सभा अगाडि राखिने जानकारी गराउनु भयो ।

कार्यक्रमका प्रमूख अतिथि माननीय केदारनाथ उपाध्याय ज्यूले कार्यक्रमलाई सम्वोधन गर्दै सवै प्रकारको भेदभाव मानव अधिकार विरुद्ध भएको हुदा त्यसैको विरोध गर्न यो ऐक्यवद्धता कार्यक्रम गरिएकोमा आयोजकहरुलाई बधाई तथा धन्यवाद दिनु भयो । साथै उहाले दलित आयोगलाई कानूनी आयोगको रुपमा स्थापित बनाइ यसलाई अझ सशक्त  बनाउन पर्ने धारणा राख्नु भयो । विभेदको विरुद्धमा अव बन्ने संविधानमा विशेष प्रावधान राख्न पनि मानव अधिकार आयोगले पहल गरेको बताउनु भयो । साथै उहाले कानून कार्यन्वयन पक्ष सशक्त बनाउन पर्नेमा पनि जोड दिनु भयो । यसका अतिरिक्त उहाले  मानव अधिकार आयोग भेदभावको विरुद्धमा लड्न प्रतिवद्ध रहेको पनि बताउनु भयो ।



कार्यक्रमका प्रमूख अतिथिले प्रतिवद्धता मन्तव्य व्यक्त गरे पश्चात उहा लगायत ड्यासमा आशिन सवै अतिथिहरुले प्रतिवद्धता स्वरुप हातको छाप लगाएका थिए । त्यस पछि मीनराज चौधरीले धन्यवाद ज्ञापन गर्नु भएको थियो । यस कार्यक्रको उद्‌घोष नीरु श्रेष्ठले गर्नु भएको थियो ।

हल भित्रको औपचारिक कार्यक्रम पश्चात सम्पूण सहभागीहरु राष्ट्रिय सभागृहको वगैचामा गइ हातको पन्जा छाप लगाएका थिए । पन्जा छाप लगाउनको लागि विभिन्न रंगहरुको प्रयोग गरिएको थियो । विभिन्न धर्म सस्कृति ,सम्प्रदाय, जात, जाती, भाषा भाषी, भौगोलिक क्षेत्रको प्रतीक स्वरुप विभिन्न रंगहरुको प्रयोग गरिएको थियो । अवदेखि र मबाट कुनै पनि भेदभाव हुने छैन भनि एउटा ठुलो क्यानभासमा सवै सहभागीको हत्केलाको छाप लिइने छ र पछि त्यसलाई लजनाका कलाकारहरुद्वारा एउटा आकृति बनाई एउटा होडिडबोर्डमा राखिने छ ।

## ४. मेडिया परिचालन

कार्यक्रममा प्रचार प्रसार जति सक्दो बढी सहभागीहरुलाई सामेल गराउनको लागि विधुतिय तथा छापा सञ्चार माध्ययमहरुलाई परिचालन गरिएको थियो । नागरिक राष्ट्रिय दैनिक र नयाँ पत्रिका राष्ट्रिय दैनिकमा निमन्त्रण प्रकाशित गरिएको थियो । २१ मार्चका दिन भएको  कार्यक्रमको सम्पूर्ण गतिविधिको एविसी र सगरमाथा टेलिभिजन तथा स्टार, गोरखा र क्यपिटल एफ.एमहरुबाट प्रत्यक्ष प्रसारण गरिएको थियो ।

*****